नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

# ई-गभर्नेन्स ब्लुप्रिन्ट

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**ई-गभर्नेन्स बोर्ड**

सिंहदरबार, काठमाडौं

२०८२

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

# विषयसूची

**संक्षिप्त रुप (Abbreviations)** ........ v
परिच्छेद-एकः परिचय ........ 1
१.१ प्रारम्भिक ........ 1
१.२ वर्तमान अवस्था ........ 3
परिच्छेद-दुईः दीर्घकालीन सोच ........ 7
२.१ दूरदृष्टि ........ 7
२.२ उद्देश्य ........ 7
२.३ क्षेत्र र दायरा (Scope and Coverage) ........ 7
२.४ डिजिटल रुपान्तरणका लागि रणनीतिक स्तम्भहरू ........ 7
परिच्छेद-तीनः रणनीतिक स्तम्भ ........ 8
३.१ स्तम्भ १: डिजिटल शासनको लागि व्यवस्थापन कार्यढाँचा ........ 8
३.१.१ ई-गभर्नेन्सको कार्यान्वयन ढाँचा लागु गर्ने ........ 8
३.१.२ डिजिटल रुपान्तरणको नीतिगत नेतृत्वका लागि अधिकारसम्पन्न संस्थागत व्यवस्थाः ........ 9
३.१.३ डिजिटल रुपान्तरणको कार्यात्मक व्यवस्थाका लागि संस्थाको निर्माण तथा विकासः ........ 10
३.१.३.१ सूचना प्रविधि विभागः ........ 10
३.१.३.२ राष्ट्रिय साइबर सुरक्षा केन्द्रः ........ 10
३.१.३.३ एकीकृत डाटा व्यवस्थापन केन्द्रः ........ 10
३.१.३.३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग ........ 11
३.१.३.४ प्रमाणीकरण नियन्त्रकको कार्यालयः ........ 11
३.१.३.५ डाटा संरक्षण निकाय ........ 11
३.१.३.६ ई-गभर्नेन्स तालिम केन्द्र ........ 11
३.१.४ जनशक्ति विकास र स्थायीत्वः ........ 11
३.१.५ सरकारको सफ्टवेयर निर्माण तथा संभार गर्न आफ्नै मानवस्रोतको परिचालनः ........ 11
३.२ स्तम्भ २: कानुनी तथा नियामक ढाँचा ........ 11



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

३.२.१ राष्ट्रिय डाटा रणनीति......12
३.२.२ "एकपटक मात्र सिद्धान्त" (Only Once Principle)......12
३.२.३ Legacy Management सहितको डिजिटल Life Cycle Policy......12
३.२.४ डाटा संरक्षण कानून......12
३.२.५ सार्वजनिक सेवाप्रवाहलाई डिजिटलीकरणका लागि विद्यमान कानूनको समीक्षा एवम् परिमार्जनः......13
३.३ स्तम्भ ३: डिजिटल प्रवर्द्धक र डिजिटल सेवाको विकास र सवलीकरण......13
३.३.१ मितव्ययी र पहुँचयोग्य इन्टरनेट विस्तार......13
३.३.२ एकीकृत डिजिटल पहिचानको व्यवस्था......13
३.३.३ डाटा आदानप्रदान प्लेटफर्मको स्थापना......14
३.३.४ डिजिटल हस्ताक्षर प्रयोगको विस्तार गर्ने......14
३.३.५ समग्र डिजिटल एप्लिकेशनको समीक्षा......15
३.३.५.१ सूचना प्रविधि प्रणाली सूचीको निर्माणः......15
३.३.५.२ डिजिटल प्रणालीको जीवनचक्र निर्धारणः......15
३.३.६ सफ्टवेयर निर्माणका विकास ब्लक रिपोजिटरी निर्माण (building blocks repository)......15
३.४ स्तम्भ ४: डिजिटल साक्षरता र सीप विकास......16
३.४.१ डिजिटल साक्षरता प्रवर्द्धन तथा शैक्षिक कार्यक्रम सञ्चालनः......16
३.४.२ नागरिक सेवा केन्द्र......16
३.४.३ सरकारी कर्मचारी, विद्यालयका शिक्षक तथा विश्वविद्यालयका प्राध्यापकहरूका लागि क्षमता विकासको दीगो कार्यक्रम सञ्चालन गर्ने......17
३.५ स्तम्भ ५: डिजिटल मापदण्ड र निर्देशिका तर्जुमा तथा कार्यान्वयन......17
३.५.१ डाटा सूची र सेवाको नक्साङ्कन......17
३.५.२ घटना दर्ता प्रणालीमा स्वचालित अध्यावधिक हुने प्रणालीको विकास......18
३.५.३ नयाँ सेवा प्रवाह प्रणालीको परीक्षण......18
३.५.४ विभिन्न क्षेत्र (Verticals) मा डिजिटल रुपान्तरण रणनीति तथा कार्यक्रमको तर्जुमा र विकासः......18



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं


३.५.५ ई-गभर्नेन्स च्याम्पियन कार्यक्रम......18

३.६ स्तम्भ ६: क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोगको सवलीकरण......19

३.६.१ गैरआवासीय नेपालीहरूसँग घनीभूत सम्बन्ध विकास गर्ने :......19

३.६.२ डिजिटल क्षेत्रमा अन्तर्राष्ट्रिय पारस्परिक सहकार्यलाई बढावा दिनेः......19

३.६.३ विकास साझेदारसँगको सहयोगका क्षेत्र पहिचान गर्ने......19

३.७ स्तम्भ ७: अनुसन्धान, नवप्रवर्तन र विकास......20

३.७.१ सरकारी, निजी र प्राज्ञिक क्षेत्रबीच त्रिभुजीय सहसम्बन्ध स्थापित गरी ई-गभर्नेन्ससँग सम्बन्धित नवप्रवर्तनात्मक र अनुसन्धात्मक सहकार्य गर्ने ।......20

३.७.२ राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रियस्तरमा **G2G, G2B, B2B** जस्ता सञ्जाल स्थापना गरी ई-गभर्नेन्ससँग सम्बन्धी ज्ञान निर्माण र हस्तान्तरणमा सहकार्य गर्ने।......20

३.७.३ स्टार्टअपलाई सरकारी संयन्त्र, प्रक्रिया र विधिमा मूलप्रवाहीकरण गरी पारस्परिक सम्बन्ध स्थापनालाई संस्थागत गर्ने......21

कार्ययोजना......22


प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

# संक्षिप्त रुप (Abbreviations)

| | |
|---|---|
| API | Application Programing Interface |
| BCP | Business Continuity Plan |
| BPA | Business Process Analysis |
| CERT | Computer Emergency Response Team |
| DNF | Digital Nepal Framework |
| DPG | Digital Public Goods |
| DPI | Digital Public Infrastructure |
| DPA | Data Protection Authority |
| DoIT | Department of Information Technology |
| GEA | Government Enterprise Architecture |
| GIZ | German Agency for International Cooperation |
| ICT | Information and Communications Technology |
| IT | Information Technology |
| ITU | International Telecommunication Union |
| ISA | Information System Authority |
| KPI | Key Performance Indicator |
| NID | National Identity |
| NITERT | National Information Technology Emergency Response Team |
| NRN | Non-Resident Nepalese |
| UI | User Interface |
| UNDP | United Nations Development Programme |
| UPI | Unified Payment Interface |
| USAID | United States Agency for International Development |
| UX | User Experience |
| OGP | Open Government Partnership |
| OOP | Once-Only Principle |
| O&M | Organization and Management |
| SIM | Subscriber Identity Module |
| SSO | Single Sign-On |
| STEM | Science, Technology, Engineering and Mathematics |

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

# परिच्छेद-एकः परिचय

## १.१ प्रारम्भिक

विश्वका विभिन्न देशमा डिजिटल रूपान्तरणका माध्यमबाट व्यक्तिगत, सामाजिक, सार्वजनिक, आर्थिक एवम् राजनीति लगायतका क्षेत्रमा हुन सक्ने विकासका सम्भावनाप्रति आकर्षण बढ्दै गएको छ। विशेषत: डिजिटल प्रविधिको रणनीतिक प्रयोगद्वारा नागरिकलाई भौतिक उपस्थितिविना नै सेवा प्रवाह सुनिश्चित गर्न सूचना तथा संचार प्रविधिमा आधारित विभिन्न सेवाहरू प्रयोग भइरहेका छन्। डिजिटल प्रविधिको प्रयोगमार्फत् नागरिक तथा सार्वजनिक सेवा प्रदायक निकायबीच अन्तर्क्रिया एवं सेवा प्रवाहका क्रममा एउटै प्रकृतिका सूचना एवं व्यक्तिगत तथ्याङ्क लगायतका डाटा पटक पटक पेस गर्नुपर्ने अवस्थालाई हटाई एक पटक मात्र विवरण संकलन गर्ने अभ्यास बढ्दै गइरहेको छ।

विगतका वर्षहरूमा प्रभावकारी, नागरिकमुखी डिजिटल नेपालको लक्ष्य प्राप्तिका लागि डिजिटल नेपाल फ्रेमवर्कलगायतका प्रयासहरूको थालनी गरिएको थियो। फलस्वरुप अहिले सूचना तथा सञ्चार प्रविधि क्षेत्रका विविध आयामहरूमा नेपालको प्रगति उल्लेखनीय वृद्धि भएको छ।

यस ब्लुप्रिन्टले सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, सरकारी इन्टरप्राइज आर्किटेक्चर निर्देशिका, २०७६, डिजिटल नेपाल फ्रेमवर्क, २०७६ जस्ता दस्तावेजको मूल मर्मलाई समेत आत्मसात गरेको छ। यी कतिपय दस्तावेजको कार्यक्षेत्र र उद्देश्य पृथक भएता पनि सबै दस्तावेजले नेपालमा डिजिटल समाज निर्माणको लागि आवश्यक कृयाकलापलाई रेखांकित गरेका छन्। तथापि प्रतिवद्धता बमोजिम ती दस्तावेजले सबै प्रयासलाई कार्यान्वयन गर्न आवश्यक पर्ने व्यवस्थापकीय एवम् शासकीय ढाँचालाई भने पर्याप्त मात्रामा सम्बोधन गर्न सकेका छैनन्।

सूचना प्रविधिको विकास र यसप्रतिको बढ्दो आकर्षणले डाटा आदान-प्रदान सञ्जालमार्फत अन्तर-निकाय समन्वयलाई सबलीकरण गर्दै सार्वजनिक सेवा प्रवाहलाई अझ बढी पारदर्शी र प्रभावकारी बनाउन दबाब सिर्जना हुँदै गएको छ। विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ को दफा ७ मा उल्लेख भए बमोजिम सुशासनका लागि सूचना तथा सञ्चार प्रविधि (ICT) प्रयोग गरी समग्र Ecosystem सञ्चालन गर्नका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको विद्युतीय सुशासन आयोगको पहिलो बैठकबाट मूल मार्ग चित्रको रूपमा E-governance Blueprint तयार गरी कार्यान्वयनमा लैजाने निर्णय गरिएको थियो। यसका साथै सोह्रौ योजनामा शासकीय सुधार तथा सुशासन प्रवर्द्धन गर्न सार्वजनिक सेवाप्रवाहको गुणस्तर अभिवृद्धि कार्यक्रम अन्तर्गत स्मार्ट राष्ट्र निर्माणका लागि ई- गभर्नेन्स ब्लुप्रिन्टको व्यवस्था गर्ने विषय समेत उल्लेख भएको छ। यसै अनुसार यो ब्लुप्रिन्ट तयार गरीएको छ।

यसै सन्दर्भमा डिजिटल प्रविधिको माध्यमबाट शासकीय मामिलाको विद्यमान अवस्थामा रूपान्तरणकारी परिवर्तन गर्न राष्ट्रिय रणनीतिक दस्तावेजको आवश्यकता महसुस गरिएको हुँदा ग्लोबल डिजिटल कम्प्याक्ट, Gov Stack, डिजिटल सार्वजनिक पूर्वाधार लगायत अन्य अन्तर्राष्ट्रिय



प्रमुख कार्यकारी अधिकृत

स्थापित मोडेलमा भएका व्यवस्थालाई समेत मध्येनजर गरी यो ई-गभर्नेन्स ब्लुप्रिन्टको तर्जुमा गरिएको हो। यस ई-गभर्नेन्स ब्लुप्रिन्टको बृहत अवधारणा अन्तर्गत नेपालमा ई-गभर्नेन्सको प्रवर्द्धन एवं विस्तार देहायका सिद्धान्तका आधारमा गरिनेछ।

**१. साझा पूर्वाधार एवं मानकको विकास, सबलीकरण तथा प्रयोग**

साझा पूर्वाधार एवं मानकको विकास, सवलीकरण एवं प्रयोगको प्रवर्द्धनमार्फत छरिएर रहेका ई-गभर्नेन्सका योजनाको प्राविधिक जटिलता एवं व्यवस्थापनलाई सहज बनाउनुका साथै विकसित डिजिटल प्रणालीलाई एकीकृत गर्न तथा अन्तरआवद्धता सुनिश्चित गर्न प्राथमिकता दिइनेछ।

**२. सार्वजनिक सेवा प्रवाहमा नवप्रवर्तन तथा प्रक्रियागत सरलता**

सेवाग्राहीको विवरण, सूचना तथा संकेत सेवाप्रदायक निकायले एकपटक विधिवत रुपमा संकलन गरेपछि पटक-पटक नगरिने "एक पटक मात्र सिद्धान्त"(Once-Only Principle) तथा अन्य नवप्रवर्तन अबलम्बन गर्दै संकलित विवरण, सूचना, संकेत को पुनर्प्रयोग (Re-use) तथा आदानप्रदान (Data exchange) मार्फत सेवा प्रवाहलाई सरल बनाइनेछ ।

**३. योजना तर्जुमा चरणदेखि नै सुरक्षा तथा गोपनियताको प्रत्याभूति(Privacy and Security by Design)**

ई-गभर्नेन्स सम्बन्धी योजना परिकल्पना तथा निर्माण चरणबाट नै डाटाको सुरक्षा तथा गोपनियताको सुनिश्चित गर्ने अवधारणा अवलम्बन गरिनेछ।

**४. डिजिटल परियोजना निर्माणमा नीतिगत सामञ्जस्यताको सुनिश्चितता**

ई-गभर्नेन्स परियोजना तथा प्रयासमा देशको दिगो विकास र आवधिक योजनाका लक्ष्य तथा नीतिगत व्यवस्थासँग सामञ्जस्यता सुनिश्चित गरिनेछ।

**५. डिजिटल माध्यमबाट प्रदान गरिने सेवाको सर्वसुलभ पहुँचको सुनिश्चतता**

सार्वजनिक डिजिटल सेवा सर्वसुलभ तथा समतामूलक पहुँच सुनिश्चतताको मान्यताबाट निर्दिष्ट हुनेछ।

**६. पारदर्शिता तथा खुला डाटा (Open Data) को अवधारणासँग सामञ्जस्यता**

ई-गभर्नेन्स सम्बन्धी योजना निर्माण तथा कार्यान्वयन गर्दा खुला डाटा (Open Data) र खुला सरकार (Open Government) को सैद्धान्तिक तथा व्यवहारिक पक्ष सम्बोधन गरिनेछ।

**७. नवप्रवर्तन, अनुसन्धान र विकास**

ई-गभर्नेन्सको विकास, विस्तार र संस्थागत गर्दै दिगोपना हासिल गर्न राष्ट्रिय क्षमता विकासका लागि सरकारी, निजी तथा प्राज्ञिक क्षेत्रको प्रत्यक्ष संलग्नतामा नवप्रवर्तन र अनुसन्धानलाई जोड दिइनेछ।

यी सिद्धान्तको प्रयोग गर्दा क्लाउड पूर्वाधार निर्माण तथा प्रयोग प्रवर्द्धनको प्राथमिकिकरण र राष्ट्रिय परिचय पत्रको प्रयोगलाई अनिवार्य गरिनेछ।यस ब्लूप्रिन्टमा उल्लेखित अवधारणा बमोजिमका कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक निजी साझेदारी अवधारणामा जोड दिइनेछ।

प्रस्तावित ई-गभर्नेन्स ब्लुप्रिन्ट को कार्यदिशा मूलतः डिजिटल रुपान्तरणको तीन आयाममा आधारित रहनेछ।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

- लक्ष्य निर्धारण ।
- लक्ष्य प्राप्त गर्न आवश्यक योजना, कार्यक्रम तथा क्रियाकलापको पहिचान ।
- लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने संरचनागत सुधार ।

समग्रमा यस ब्लुप्रिन्टको उद्देश्य कानूनी तथा प्राविधिक संसाधनको यथोचित विकास एवम् संयोजन गर्दै राज्यका सबै तहमा सेवाप्रवाह तथा सुशासनमा नवप्रवर्तनको वातावरण सिर्जना गरी छरिएर रहेका प्रयासलाई एकीकृत गर्नु रहनेछ।

यस ब्लुप्रिन्टमा डिजिटल सार्वजनिक पूर्वाधार (Digital Public Infrastructure) तथा डिजिटल सार्वजनिक वस्तु (Digital Public Goods) को विकास एवम् प्रवर्द्धनको आवश्यकतालाई विशेष महत्व दिइएको छ। यस्ता पूर्वाधार तथा वस्तुको प्रयोगले डिजिटल रूपान्तरणका लागि आवश्यक संसाधनको लागत कम गर्ने मात्र नभई डिजिटल रूपान्तरणमार्फत दिगो विकास हासिल गर्न समेत सहयोगी हुने विश्वास लिइएकोछ।

## १.२ वर्तमान अवस्था

नेपालमा सार्वजनिक सेवा प्रवाह लगायतका शासकीय मामिलामा डिजिटल प्रविधिको उपयोग गरी शासकीय क्रियाकलापको समग्र प्रभावकारिता वृद्धि गर्न विभिन्न कानुनी तथा संरचनात्मक व्यवस्था गरिएको छ। यसै अनुसार वि.सं. २०७२ मा सूचना तथा संचार प्रविधि नीति र वि.सं.२०७६ मा सरकारी इन्टरप्राइजेज आर्किटेक्चर जस्ता दस्तावेज तयार गरिएका थिए। यसै गरी विद्युतीय कारोवार ऐन,२०६३; विद्युतीय कारोबार नियमावली,२०६४; राष्ट्रिय साइवर सुरक्षा नीति, २०८० तयार भएको छ भने वि. सं. २०७६ सालमा डिजिटल नेपाल फ्रेमवर्क तयार गरी सरकारी काम र सार्वजनिक सेवा प्रवाहलाई डिजिटल प्रविधिमा जोड्न आवश्यक नीतिगत व्यवस्था गरिएको थियो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, एकिकृत डाटा व्यवस्थापन केन्द्र, राष्ट्रिय साइवर सुरक्षा केन्द्र, प्रमाणीकरण नियन्त्रकको कार्यालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, दुरसञ्चार प्राधिकरण लगायतका संरचनात्मक व्यवस्था समेत विद्यमान रहेका छन्।

नेपाल सरकारका विभिन्न निकायबाट प्रदान हुने सेवालाई एउटै मोबाइल एपबाट अनलाइनमार्फत् प्रदान गर्न तथा निकायपिच्छे मोबाइल एप बनाउने प्रवृत्तिलाई निरुत्साहित गर्न नागरिक एप सञ्चालनमा ल्याइएको छ।

डाटा सङ्कलन र सुरक्षा सम्बन्धमा तथ्याङ्क ऐन,२०७९ र वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेका छन् । तथ्याङ्क ऐनले सर्वेक्षणसँग सम्बन्धित तथ्याङ्कको संकलन, सुरक्षा र केही सूचना प्रशोधनलाई सम्बोधन गर्छ भने वैयक्तिक गोपनीयता सम्बन्धी ऐनले व्यक्तिको जीउधन, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयताको सुरक्षालाई सुनिश्चित गर्दछ। तथापि यी दुवै ऐनले सार्वजनिक सेवा प्रवाहको सम्पूर्ण प्रक्रियामा संकलन हुने सबै डाटाको सुरक्षित उपयोग र डाटा आदानप्रदान मार्फत् सेवा प्रवाहको कार्यकुशलता अभिवृद्धि गर्ने आवश्यकतालाई पर्याप्त सम्बोधन गर्न सकेका छैनन्।



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

सूचना प्रविधिका क्षेत्रमा प्राविधिक जनशक्तिको उपलब्धता बढ्दो क्रममा रहेको छ। व्यवसायिक क्षेत्रमा डिजिटल वालेट, मोवाइल बैङ्किङ, ई-कमर्स जस्ता डिजिटल प्रणालीको उपयोग बढिरहेको छ। आम सर्वसाधारण र उपभोक्तामा डिजिटल प्रविधिप्रति आकर्षण बढ्दै गइरहेको छ। यी व्यवस्थाका बावजुद पूर्णरुपमा डिजिटल शासन सञ्चालन गर्न बृहत् तहमा (Macro Level) निम्न बमोजिम समस्या र चुनौति रहेका छन्।

१) **नीतिगत विषयमा ई-गभर्नेन्स बोर्डको न्यून भूमिकाः** ई-गभर्नेन्स बोर्ड नीति व्यवस्थापन, क्षमता विकास र निकायगत समन्वय र नियामक कार्यमा अन्य निकायमा भरपर्नु पर्दा लक्ष्य बमोजिम द्रुत गतिमा डिजिटल रुपान्तरण हासिल गर्न चुनौतीपूर्ण देखिन्छ ।

२) **कार्यात्मक समस्याः** नयाँ डिजिटल प्रणाली विकासको सन्दर्भमा बजेट तथा प्रभावकारी योजनाको न्यूनता, सुपरीवेक्षणको अभाव, राजनीतिक परिवर्तनको उच्च प्रभाव, ई-गभर्नेन्स बोर्ड समेटिएको डिजिटल पारिस्थितिकी प्रणाली (Digital Ecosystem) को अभाव, विशेषज्ञताको अभाव जस्ता समस्या रहेका छन्।

३) **ई-गभर्नेन्सको लागि आवश्यक व्यवस्थापन कार्यढाँचासँग सम्बन्धित समस्याः**

डिजिटल डाटाको रूपमा रहेका नागरिकका व्यक्तिगत विवरणको सुरक्षा गर्न, व्यवसाय र सरकारी सेवालाई साइबर जोखिमबाट जोगाउन र डिजिटल सार्वभौमिकता कायम राख्न आवश्यक पर्याप्त साइबर सुरक्षाको सुनिश्चितता हुन सकेको छैन। डाटा संरक्षण गर्न अधिकार प्राप्त केन्द्रिकृत र सक्षम संरचनागत व्यवस्थाको अभाव रहेको छ।

४) **कानुन तथा नियामक ढाँचा सम्बद्ध समस्याः**

प्रक्रियागत अवरोधले नवप्रवर्तनलाई निरुत्साहित गर्नु, खण्डीकृत प्रणालीलाई व्यवस्थित गर्न नसकिनु, डाटाको स्वामित्त्व र डाटा संरक्षण सम्बन्धी सिद्धान्तलाई कार्यान्वयन गर्न पर्याप्त कानुनी संरचनाको अभाव हुनु, डाटा व्यवस्थापन जीवन चक्र स्वचालित गर्न नसकिनु र राष्ट्रिय डाटा रणनीति तर्जुमा नहुँदा डाटाको अपनत्व, प्रभावकारी प्रयोग र सुरक्षामा प्रश्नचिन्ह उठिरहनु र साझेदारीमा समस्या सिर्जना हुनु जस्ता समस्या रहेका छन्।

५) **डिजिटल सेवाको विद्यमान अवस्थामा रुपान्तरणकारी परिवर्तन गर्नमा प्राविधिक एवम् व्यवस्थापकीय सिमितताः** वर्तमान अवस्थामा ई-गभर्नेन्सको पारिस्थितिकी (Ecosystem) को स्थापनाका लागि गुणस्तरीय इन्टरनेटमा नागरिकको सर्वसुलभ पहुँच विस्तार गर्न नसकिनु, खण्डीकृत पहिचानपत्रलाई राष्ट्रिय परिचयपत्रमार्फत एकीकृत गर्न नसकिनु, डाटा आदानप्रदान प्लेटफर्म स्थापना नहुँदा डाटाको साझेदारी गर्न नसकिनु र प्राविधिक ज्ञान स्रोत, स्पष्ट नीतिगत तथा नियामक व्यवस्था र पूर्वाधारको अभावले डिजिटल हस्ताक्षरलाई अनिवार्य गर्न नसकिने जस्ता प्राविधिक एवम् व्यवस्थापकीय समस्या रहेका छन्।

६) **डिजिटल साक्षरता र सीप विकास विस्तार गर्नमा समस्याः**

आधारभूत तहदेखि नै डिजिटल साक्षरतासँगै डिजिटल संस्कृति निर्माण गर्न विज्ञता, स्रोत र सोचको अभाव, नीति निर्मातामा प्राविधिक ज्ञानको अभाव, विश्वविद्यालयमा सूचना प्रविधिका उदयीमान

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

विषय अध्यापन र अनुसन्धानमा सिमितता जस्ता कारणले डिजिटल साक्षरता र सिप विकास गर्न समस्या उत्पन्न भएको छ।

**७) सार्वजनिक सेवा प्रवाहलाई सहजीकरण गर्न नागरिक सेवा केन्द्रको अभावः**

सार्वजनिक सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउँदै सेवा प्रवाह तथा सेवा प्राप्तिको समय र लागत घटाउन नागरिक सेवा केन्द्र व्यवस्थित रूपमा सञ्चालनमा आउन सकेका छैनन्।

**८) डिजिटल मापदण्ड र निर्देशिकाको तर्जुमा तथा कार्यान्वयनमा समस्याः**

ई-गभर्नेन्स प्रणाली सञ्चालन गर्न विभिन्न किसिमका मापदण्ड तथा निर्देशिकाको आवश्यकता पर्दछ। यद्यपी हालको अवस्थामा डिजिटल सेवाको नक्साङ्कन र डाटा सेटको सूचीकरण नभएको, डाटा व्यवस्थापन सम्बन्धी कानुन, मापदण्ड र निर्देशिकाको तर्जुमा नभएको, घटना दर्ताबाट अवस्था दर्तामा(Registratering events to registering states) जान कानुनी एवम् प्राविधिक संरचनाको अभाव रहेको, उदयीमान डिजिटल सेवाको सञ्चालन मापदण्ड र निर्देशिका सम्बन्धमा कानुनी स्पष्टताको अभाव रहेको र डिजिटल नेतृत्व विकासको नीति, कानुनी आधार, मापदण्ड र योजनाको अभाव जस्ता समस्या विद्यमान रहेका छन्।

**९) क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोगको सबलीकरण सम्बद्ध समस्याहरुः**

ई-गभर्नेन्स प्रणाली सञ्चालन गर्न विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाको सहयोग आवश्यकता पर्दछ। अन्तराष्ट्रिय सहयोगको परिचालनमा यथार्थपरक तथा सान्दर्भिक विकल्पको पहिचान नहुँदा कार्यक्रममा दोहोरोपना र अध्ययन अनुसन्धानको कमी जस्ता समस्याले क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्न कठिनाई उत्पन्न भएको छ। साथै हाल नेपाली डायस्पोरा र देशभित्रकै समुदाय एवम् संरचनाबीच ज्ञान, विज्ञता र अनुभवको आदानप्रदान गर्न औपचारिक नीतिगत तथा कानुनी संरचनाको अपर्याप्तता रहेको छ।

**१०) राज्यका विभिन्न निकायबीच डाटा एक्स्चेन्ज**

राज्यका विभिन्न निकायबीच योजना तर्जुमा, वार्षिक बजेट निर्माण तथा खर्च, साना तथा घरेलु उद्योग, शैक्षिक गतिविधि एवं स्वास्थ्य सम्बन्धी डाटावेश, जीवनस्तर, कृषी उत्पादन र विकास निर्माण सम्बन्धी विवरणहरू डाटा एक्सचेन्ज प्रणालीको विकास गरी सो मार्फत आदान प्रदान गर्न सकिएको छैन।

**११) सार्वजनिक खरिदको विषयलाई थप पारदर्शी र प्रतिस्पर्धी बनाउने**

IT procurement guidelines, non-consulting RFP Standard document जस्ता विषयहरू समावेश गरी सार्वजनिक खरिदको विद्युतीय पोर्टललाई थप प्रभावकारी र सुरक्षित बनाउन आवश्यक छ।

उपरोक्त समस्या तथा चुनौतिका अतिरिक्त सुक्ष्म तहमा (Micro Level) पनि देहाय बमोजिमका समस्या रहेका छन्।

क) साइबर सुरक्षालाई अझ प्रभावकारी बनाउन तथा नेपालको राष्ट्रिय इन्टरनेट डोमेन (.np CCTLD) तयार गरी यसको सेक्युरिटि प्रबन्ध गर्दै नागरिक, व्यवसायी र सरकारका कार्यलाई सुरक्षित बनाउन आवश्यक रहेको छ।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

ख) डाटाबेसका सबै डाटा सेटको अभिलेख तयार गर्न डाटा इन्भेन्टरी तथा विभिन्न सार्वजनिक सेवा प्रदायकले प्रवाह गरिरहेका सेवाका अभिलेख गर्ने सर्भिस म्यापिङ कार्य हुन नसकेकाले एकपटक मात्र सिद्धान्त (Once Only Principle) कार्यान्वयन गर्न, नयाँ सेवा प्रवाहको मार्ग तयार गर्न तथा नयाँ डाटा एक्सचेन्ज तह तयार गर्न कठिनाइ भइरहेको छ।

ग) डाटा एक्सचेन्ज प्लेटफर्म स्थापित नहुँदा विभिन्न निकायले द्विपक्षीय Application Programming Interface स्थापना गरी एक आपसमा डाटा आदानप्रदान गर्ने अभ्यासले डाटा सुरक्षा, सेवा र गुणस्तरमा समेत नकारात्मक असर पर्नुका साथै अन्तरप्रणाली आबद्धतामा जटिलता थपिएको छ।

घ) संवेदनशील पूर्वाधारको नियमन गर्ने नीति तथा सूचना प्रविधि सम्बन्धी पूर्वाधारको जीवनचक्र निर्धारणको स्पष्ट नीतिको अभाव हुँदा सञ्चालन लागत बढ्ने, नवप्रवर्तनमा अवरोध सिर्जना हुने, आपूर्तिकर्ताबाट प्रभाव पर्ने र साइबर सुरक्षामा चुनौती बढ्ने समस्या समेत देखिएको छ।

ङ) सार्वजनिक सेवा प्रवाहमा डिजिटल प्रविधि प्रयोग भए पनि नागरिकले आफैं उपस्थित भएर डाटा पेश गर्ने वा सेवा लिने, भौतिक हस्ताक्षर प्रयोग गर्नुपर्ने जस्ता प्रावधान कायमै रहेका छन्।

च) इन्टरनेट पूर्वाधारको क्रमिक विकास हुँदै गएपनि इन्टरनेटको कनेक्टीभिटी, गुणस्तर र इन्टरनेट चल्ने उपकरणको उपलब्धतामा नागरिकको सुलभ र समतामूलक पहुँच सुनिश्चित हुन सकेको छैन।

छ) राजनीतिक नेतृत्व र सरकारी कर्मचारीलाई डिजिटल रुपान्तरण सम्बन्धी ज्ञान र सीप प्रदान गर्न संरचनात्मक व्यवस्था हुन सकेको छैन । यसले गर्दा सरकारका सूचना प्रविधि सम्बन्धी योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्न कठिन रहेकोछ।

ज) ई-गभर्नेन्स च्याम्पियन तयार गरी डिजिटल रूपान्तरण कार्यलाई द्रुत गतिमा अगाडी बढाउन सकिएको छैन।

झ) सेवाग्राहीका विभिन्न घटना जस्तै जन्म, मृत्यु, शैक्षिक योग्यता आदि प्रमाणपत्रद्धारा प्रमाणित (Proof by certificate) गर्ने प्रावधान रहेको छ । यसरी प्रदान हुने प्रमाणपत्र मेसिन रिडेबल नहुने अवस्था रहेको छ। यसले प्रमाणपत्रको आधिकारिकता, अद्यावधिकता पुष्टि गर्न समस्या हुने गरेको छ।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

# परिच्छेद-दुईः दीर्घकालीन सोच

## २.१ दूरदृष्टि

शासकीय मामिलाहरूको डिजिटल रुपान्तरणमार्फत डिजिटल पारिस्थितिकी प्रणाली (Digital Ecosystem) विकास एवं प्रवर्द्धन

## २.२ उद्देश्य

सार्वजनिक सेवालाई डिजिटल रुपान्तरणमार्फत अनुभूतियोग्य, चुस्त, पारदर्शी, जवाफदेही तथा प्रभावकारी बनाउनु यस ब्लुप्रिन्टको मूल उद्देश्य हो। यसका क्षेत्रगत उद्देश्य देहाय बमोजिम रहेका छन्।

क) डिजिटल प्रणालीका लागि आवश्यक डिजिटल पूर्वाधार निर्माण गर्नु

ख) डिजिटल सेवा प्रदान गर्न आवश्यक नीतिगत र कानुनी संरचना तयार गर्नु

ग) संस्थागत क्षमता विकास गरी सम्पूर्ण शासकीय मामिलालाई डिजिटल माध्यमबाट सम्वोधन गर्नु

घ) डिजिटल गभर्नेन्ससँग सम्बन्धित नवप्रवर्तन, अनुसन्धान र विकासका कार्य सञ्चालन तथा सहजीकरण गर्नु।

## २.३ क्षेत्र र दायरा (Scope and Coverage)

यस ब्लुप्रिन्टको क्षेत्र र दायरा देहाय बमोजिम हुनेछः

क) नेपालको डिजिटल रुपान्तरणको विधि, क्रियाकलाप एवम् गतिविधिको पहिचान,

ख) निजी र सार्वजनिक क्षेत्रका सेवाको सरलीकरण

ग) डिजिटल सरकार र डिजिटल समाजको निर्माण

घ) तहगत सरकारका कार्यबीच सामञ्जस्यता

ङ) विशिष्ट तथा सामञ्जस्यपूर्ण क्षितिजीय तह(Horizontal Layers) स्थापना

च) डिजिटल साक्षरता प्रवर्द्धन, नवप्रवर्तन, अनुसन्धान तथा विकास

छ) डिजिटल अर्थतन्त्र निर्माण

ज) डिजिटल रुपान्तरणका लागि क्षेत्रीय तथा अन्तराष्ट्रिय सहकार्य

झ) राष्ट्रिय सुरक्षा प्रणालीको सबलीकरण र सुदृढीकरण

## २.४ डिजिटल रुपान्तरणका लागि रणनीतिक स्तम्भहरू

शासकीय मामिलाहरूको डिजिटल रुपान्तरणमार्फत डिजिटल पारिस्थितिकीय(Digital Ecosystem) प्रणाली निर्माण गर्ने दुरदृष्टी अनुरुप माथि उल्लिखित उद्देश्य प्रासिका लागि देहाय बमोजिमका रणनीतिक स्तम्भको पहिचान गरिएको छ।

१. डिजिटल शासनको लागि स्पष्ट व्यवस्थापनको कार्यढाँचा

२. कानूनी तथा नियामक ढाँचा

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

३. डिजिटल प्रवर्द्धक (Digital Enablers) को नियमित विकास
४. डिजिटल साक्षरता र सीप विकास
५. डिजिटल मापदण्ड, निर्देशिका तर्जुमा तथा कार्यान्वयन
६. सुदृढ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोग
७. नवप्रवर्तन, अनुसन्धान र विकास


# परिच्छेद-तीनः रणनीतिक स्तम्भ

## ३.१ स्तम्भ १: डिजिटल शासनको लागि व्यवस्थापन कार्यढाँचा

सार्वजनिक क्षेत्रमा डिजिटल रुपान्तरण रणनीतिको तर्जुमा र कार्यान्वयन गर्न उच्च तहको समन्वयकारी संस्थागत संरचना र संसाधन सहितको जिम्मेवार सार्वजनिक निकायको आवश्यकता पर्दछ । यी आवश्यकता परिपूर्ती गर्न देहायका कृयाकलाप सञ्चालन गरिने छन्।

### ३.१.१ ई-गभर्नेन्सको कार्यान्वयन ढाँचा लागु गर्ने

यस्तो व्यापक र अन्तरक्षेत्रीय पहलले विभिन्न सरोकालवाललाई समेटिएका सवालमा प्रकृया र कार्यान्वयन व्यवस्था आवश्यक पर्ने कुरामा जोड दिनु पर्दछ । यस ब्लुप्रिन्टमा उल्लिखित रणनीतिको सम्बन्धमा ई-गभर्नेन्सका प्रभावकारी कार्यक्रम तय गर्न र कार्यान्वयन गर्न सूचना प्रविधि परियोजनाको विकास र कार्यान्वयनका मापदण्ड तथा दृष्टिकोणको सुनिश्चितताको लागि पर्याप्त क्षमता सहितको संगठित निकाय सिर्जना गर्नुपर्ने आवश्यकता देखिएकोछ। यसका लागि विकेन्द्रित दृष्टिकोणलाई रणनीतिको कार्यान्वयनमा मार्गदर्शक सिद्धान्तको रुपमा अंङ्गिकार गर्दै सन्तुलन र नियन्त्रण कायम गर्ने कार्य एउटा चुनौतिको रुपमा रहेको छ ।






प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

## चित्र १: ई-गभर्नेन्सको कार्यान्वयन ढाँचा

यसप्रकार यस ब्लुप्रिन्टमा उल्लेख गरिएका विस्तृत रणनीतिलाई प्रकृया र कार्यान्वयन ढाँचा मार्फत निम्न कुरामा आधारित भएर कार्यान्वयन गरिनेछ।

क) निर्देशक स्तम्भ (Steering pillar): संघीय र प्रादेशिक तहमा रहने गरी यसको कार्यान्वन गर्न उच्च राजनीतिक प्रतिवद्धता र उच्च तह(संघमा प्रधानमन्त्री र प्रदेशमा मुख्यमन्त्री) को नेतृत्व र समन्वयमा संस्थागत व्यवस्था गरिनेछ।

ख) कार्यान्वयन स्तम्भ (Implementation pillar): स्पष्ट रुपमा परिभाषित अनुपालना, सुपरिवेक्षण कार्य, अनुगमत तथा मूल्यांकनको जिम्मेवारी सहित ई-गभर्नेन्स रणनीतिको कार्यान्वयनलाई मार्गदर्शन गर्न आवश्यक विषय विज्ञता र दक्षता सहितको पर्याप्त क्षमता भएको संघमा मुख्य सचिव, प्रदेशमा प्रमुख सचिव र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा रहनेगरी संस्थागत व्यवस्था गरिनेछ।

(ग) कार्यक्रम व्यवस्थापन कार्यालय स्तम्भ (Programme management office pillar): तीन वटै तहका सरकारमा डिजिटल रूपान्तरणका लागि सम्बन्धित निकाय/कार्यालयले कार्यक्रम व्यवस्थापन इकाईको रूपमा काम गर्नेछन्।कार्यक्रम व्यवस्थापन इकाईको नेतृत्व सम्बन्धित निकायका उच्च व्यवस्थापकले तोके बमोजिम हुनेछ। नेतृत्व कार्यक्रम व्यवस्थापन कार्यालय कर्यान्वयन समितिको प्रत्यक्ष सुपरिवेक्षणमा निर्देशक समितिले पारित गरेका विस्तृत कार्ययोजनामा आधारित परियोजना कार्यान्वयन गर्न जिम्मेवार बनाइनेछ।

ई-गभर्नेन्स बोर्डले उपयुक्त समयमा माथिका स्तम्भमा उल्लिखित संस्थाको वास्तविक रुपरेखा, संरचना र कार्यशर्त (TOR) तय गर्नेछ ।

### ३.१.२ डिजिटल रुपान्तरणको नीतिगत नेतृत्वका लागि अधिकारसम्पन्न संस्थागत व्यवस्थाः

ई-गभर्नेन्स बोर्डलाई अधिकार सम्पन्न, समन्वयकारी र शासकीय मामिलाहरूमा देखिएका नवप्रवर्तनलाई संस्थागत गर्ने निकायको रुपमा विकास गरिनेछ। सबै निकायबाट प्रवाह हुने सार्वजनिक सेवालाई उस्तै अनुभूति दिने, छिटोछरितो, गुणस्तरीय एवम् एकीकृत रुपमा प्रदान गर्न सार्वजनिक निकायका डिजिटल रूपान्तरणसँग सम्बन्धित क्रियाकलापलाई ई-गभर्नेन्स ब्लुप्रिन्टको राष्ट्रिय रणनीति अनुरुप सामञ्जस्यता कायम गरिनेछ ।मौजूदा कानुनको परिमार्जन एवं अन्य आवश्यक कानुनको निर्माण गरी ई-गभर्नेन्स सम्बन्धी परियोजनाको समिक्षा गर्दै डिजिटल रुपान्तरण सम्बन्धी राष्ट्रिय नीति, कार्यक्रम तथा प्राथमिकता अनुरुप भएको सुनिश्चित गर्न ई-गभर्नेन्स बोर्डलाई आवश्यक जिम्मेवारी दिइनेछ। सामञ्जस्यतापूर्ण सूचना प्रविधि व्यवस्थापन, उच्च गुणस्तरको डाटा, उच्च स्तरको साइबर सुरक्षा, सार्वजनिक सेवाको मितव्ययी एवं गुणस्तरयुक्त सेवा प्रवाह गर्न सरोकारवालाले ई-गभर्नेन्ससँग सम्बन्धित योजनाको बारेमा ई-गभर्नेन्स बोर्डबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरिनेछ। नीति निर्माण र कार्यान्वयन गर्ने निकायको भूमिकालाई स्पष्ट रुपमा छुट्याउनुपर्ने भएकाले ई-गभर्नेन्स बोर्डलाई ई-गभर्नेन्स सम्बन्धी नीति तथा रणनीतिको नेतृत्वकर्ता र सल्लाहकारको रुपमा काम गर्ने जिम्मेवारी तोकिनेछ। कुनै एक निकाय वा क्षेत्रको प्रयासबाट मात्र नहुने विशेष प्रकृतिका आयोजना बोर्डमार्फत समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ।



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

### ३.१.३ डिजिटल रुपान्तरणको कार्यात्मक व्यवस्थाका लागि संस्थाको निर्माण तथा विकासः

ई-गभर्नेन्स ब्लुप्रिन्टको लक्ष्य अनुरुप सबै सरकारी निकायहरूको डिजिटल रूपान्तरण प्रयासलाई सहयोग गर्न आवश्यक पूर्वाधार, साझा स्रोत र सेवाहरूको निर्माण, निरन्तर विकास तथा सञ्चालनको जिम्मेवारी बहन गर्न सूचना प्रणाली सहयोगी निकाय(Information System Support Agency) हरूको भुमिकालाई थप स्पष्ट बनाइनेछ। यस्ता निकायले गर्नुपर्ने कार्यजिम्मेवारीलाई निर्वाह गर्न सूचना प्रविधि विभाग, राष्ट्रिय साइबर सुरक्षा केन्द्र, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, प्रमाणीकरण नियन्त्रकको कार्यालय र ई-गभर्नेन्स बोर्डलाई पुनर्संरचना गर्दै क्षमता विकास गरिनेछ।

सूचना प्रणाली सहयोगी निकायहरूको कार्यक्षेत्रमा आधुनिक प्रणाली विकास, प्राविधिक कार्यको आउटसोर्सिङ तथा नेटवर्क पूर्वाधार लगायतका डिजिटल सार्वजनिक पूर्वाधारको विकास र विस्तार जस्ता विषयहरू समावेश हुनेछन् । यी निकायहरूलाई इलेक्ट्रोनिक परिचयपत्र, डाटा एक्सचेन्ज, क्लाउड र नेटवर्क पूर्वाधारका लागि नियामक भूमिका निर्वाह गर्न जिम्मेवार तुल्याइनेछ।

यस सन्दर्भमा नीतिगत तथा कानुनी व्यवस्था गरी देहाय बमोजिमका संस्थाको स्थापना गरिने तथा स्थापना भइसकेका संस्थाको विकास एवं सवलीकरण गरिनेछ।

#### ३.१.३.१ सूचना प्रविधि विभागः

- सूचना प्रविधिको अनुसन्धान, विकास, उपयोग लगायतका कार्य प्रभावकारी ढंगले सम्पादन गर्ने,
- सूचना प्रविधिको क्षेत्रमा नियामक, उत्प्रेरकको भूमिका निर्वाह गर्ने,
- विभिन्न सेवा प्रदायक निकायलाई डिजिटल पूर्वाधार विकास तथा संरक्षणमा प्राविधिक सहयोग गर्ने।

#### ३.१.३.२ राष्ट्रिय साइबर सुरक्षा केन्द्रः

साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, साइबर सुरक्षा सम्बन्धी पूर्वतयारी, रोकथाम, पहिचान, प्रतिकार्य तथा पूनर्लाभ गर्न २४ सै घण्टा सम्पर्क निकायको रुपमा कार्य गर्ने, डिजिटल फोरेन्सिक अनुसन्धान गर्ने तथा साइबर सुरक्षासँग सम्बन्धित निकायको नियमनकारी निकायको रुपमा समेत कार्य गर्नेगरी जिम्मेवार बनाइनेछ । डिजिटल प्रणाली तथा साइबर सुरक्षा सम्बन्धी जनशक्ति विकासका लागि अनुसन्धान तथा तालिम सञ्चालनको कार्य समेत यस केन्द्रले गर्नेछ।

#### ३.१.३.३ एकीकृत डाटा व्यवस्थापन केन्द्रः

नेपाल सरकारका डाटा सेन्टरहरु सञ्चालन गर्ने। डाटा भण्डारण केन्द्र (Data Backup Centers) सञ्चालन गर्ने र आवश्यकता अनुसारका डाटा एक्सचेन्ज गर्ने जस्ता विषयहरू यस केन्द्रको जिम्मेवारीमा रहनेछन्।

प्रमुख कार्यकारी अधिकृत

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

### ३.१.३.३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

राष्ट्रिय परिचयपत्रलाई साझा ईलेक्ट्रोनिक र अद्वितीय परिचय (Unique Identity) का रूपमा विकास गर्दै अन्य प्रणलीसँग क्रमश: अन्तरआवद्धता गरिनेछ।

### ३.१.३.४ प्रमाणीकरण नियन्त्रकको कार्यालय:

अनलाइनबाट गरिने कार्यको कानुनी मान्यता, संरक्षण र विकास सम्बन्धी कार्य गर्ने, विद्युतीय हस्ताक्षर प्रदायकलाई सञ्चालन अनुमती प्रदान गर्ने तथा नियमन गर्ने कार्यको लागि जिम्मेवार तुल्याइनेछ ।विद्युतीय कारोवार ऐन, २०६३ को व्यवस्था अनुसार तोकिएका अन्य कार्य सञ्चालन गर्नेछ।

### ३.१.३.५ डाटा संरक्षण निकाय

व्यक्तिगत डाटा र सार्वजनिक सूचनाको संरक्षणको कार्य गर्न सक्षम संस्थागत व्यवस्था गरिनेछ। उक्त संस्थाले सुपरिवेक्षण गर्ने,डाटा प्रशोधनको अनुमति जारी गर्ने,तालीम सञ्चालन गर्ने, सार्वजनिक तथा निजी क्षेत्रको लागि मार्गनिर्देशिका निर्माण र प्रकाशन गर्ने, डाटा सुरक्षाको लागि अनुकुलन (English) र सुरक्षा प्रत्याभूति सुनिश्चित गर्ने, डाटा सुरक्षा तथा सार्वजनिक सूचनाको क्षेत्रमा परियोजना र कानून तयार गर्ने र सहभागी हुने, एकपटक स्थापना भएपछि यो निकायले डाटाको सुरक्षा, सार्वजनिक सूचनाका नियम तथा संकलन भइरहेका डाटा सेटको वैधताको अनलाइन पद्धति मार्फत प्रमाणीकरण गर्ने जस्ता कार्यहरू सम्पादन गर्नेछ।

### ३.१.३.६ ई-गभर्नेन्स तालिम केन्द्र

ई-गभर्नेन्स तथा सूचना प्रविधि सम्बन्धि विशिष्टिकृत तालिमको पाठ्यक्रम तयार गर्नुका साथै अन्य तालिम प्रदायक संस्थासँगको सहकार्यमा तालिम कार्यक्रम सञ्चालन गर्नेछ।

### ३.१.४ जनशक्ति विकास र स्थायीत्व:

प्राविधिक जनशक्तिको क्षमता विकास गर्दै सार्वजनिक संस्थामा टिकाई राख्न विशेष व्यवस्था गरिनेछ।

### ३.१.५ सरकारको सफ्टवेयर निर्माण तथा संभार गर्न आफ्नै मानवस्रोतको परिचालन:

सरकारी निकायले प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण तथा संभार कार्य सकेसम्म सरकारी जनशक्तिबाटै सम्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

## ३.२ स्तम्भ २: कानुनी तथा नियामक ढाँचा

राज्य, निजी क्षेत्र र नागरिक बीचको दीगो र भरपर्दो सम्बन्ध विकास गर्न डाटाको प्रयोग र उदयीमान प्रविधिलाई मध्यनजर गरी विभिन्न सरोकारवालाको डिजिटल अधिकारलाई विद्यमान कानुनमा समावेश गरिनेछ । यस अन्तर्गत सुपरिवेक्षण गर्ने निकायको स्थापना र सवलीकरण गर्ने कार्य समेत रहनेछन्। यसका लागि देहाय बमोजिमका नीति तथा कानुनी व्यवस्था गरिनेछ।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

### ३.२.१ राष्ट्रिय डाटा रणनीति

डाटाको भण्डारण, आदानप्रदान, व्यवस्थापन र प्रयोग प्रभावकारी बनाउन सरकारले साझा मानक, नियम र सिद्धान्तसहित राष्ट्रिय डाटा रणनीति तयार गर्नेछ। यस रणनीतिले सार्वजनिक निकायमा रहेका डाटा सेटलाई समायोजन गर्दै डाटाको गुणस्तर र अन्तरआवद्धतामा सुधार गर्न मद्दत गर्ने, नयाँ डिजिटल सेवाको विकासलाई व्यवस्थित गर्ने तथा संघ, प्रदेश र स्थानीय तहबीच डाटा व्यवस्थापन एवम् उपयोग गर्ने विधिको रुपरेखा दिनेछ । यस रणनीतिमा मेटाडाटा विवरण, डाटा ढाँचा, डाटा चक्र, डाटा अवस्थिति, डाटा न्यूनीकरणका सिद्धान्त, एकपटक मात्र सिद्धान्तमार्फत एकल स्रोतको स्थापना, डाटा गुणस्तरका लागि मापदण्ड समेतका बिषय समावेश गरिनेछ।

### ३.२.२ "एकपटक मात्र सिद्धान्त" (Only Once Principle)

व्यक्ति तथा कम्पनीले विभिन्न निकायबाट विविध सेवा प्राप्त गर्न आफ्नो विवरण (डाटा) एक पटक उपलब्ध गराइसकेपछि पुनः उपलब्ध गराउनु नपर्ने वातावरणको सिर्जना गरिनेछ। यसले डाटाको आधिकारिक स्रोतको सुनिश्चितता गर्दै अन्तरनिकाय डाटा आदानप्रदानको आधार तय गर्नेछ। फरक प्रकारका डाटा भण्डारणको जिम्मेवारी फरक-फरक निकायमा रहने हुँदा विभिन्न प्रकारका व्यक्तिगत पहिचान सम्बन्धी डाटा एउटै स्रोतमार्फत उपलब्ध नहुने व्यवस्था गरी साइबर सुरक्षाका दृष्टिकोणले बढी सुरक्षित बनाइनेछ। उदाहरणको लागि स्वास्थ्य सेवा डाटावेसमा प्रेस्क्रिप्सन र अपरेशन जस्ता स्वास्थ्य सम्बन्धी डाटा समावेश हुन्छन् तर बिरामीको नाम, जन्ममिति र ठेगाना जस्ता डाटा हुँदैनन् । यसले साइबर सुरक्षा लक्षित आक्रमणकारीलाई आवश्यक सूचना एकीकृत गर्न धेरै गाह्रो बनाउँछ ।संभावित साइबर आक्रमणको लागि परिचालन खर्च बढ्न गई साइवर आक्रमणजन्य घटनाको संभावना कम हुन जान्छ। एकपटक मात्र सिद्धान्त कार्यान्वयनका लागि आवश्यकतानुसार कानुनी तथा संरचनागत व्यवस्था गरिनेछ। व्यक्तिगत पहिचानयोग्य डाटा एकपटक संकलन गरेपछि पटक पटक संकलन गरिने छैन।

### ३.२.३ Legacy Management सहितको डिजिटल Life Cycle Policy

महत्वपूर्ण हार्डवयर र सफ्टवयर सम्बन्धी सरकारी एवं सार्वजनिक पूर्वाधारको समयमा नै नवीकरण सुनिश्चित गर्न सरकारले Legacy Management **सहितको डिजिटल** Life Cycle नीतिलाई निर्देशक नीतिको रुपमा कार्यान्वयन गर्नेछ । यस नीति अनुसार हार्डवयर प्रणाली र सफ्टवेयरमा आधारित पद्धतिको जीवनकाल निर्धारित गरी लागु गर्ने गराउने व्यवस्था गरिनेछ। यसबाट निरन्तर नयाँ सेवा र एप्लिकेशन विकास गर्न तथा विद्यमान सेवाको पुर्नमूल्याङ्कन गर्न सेवा प्रदायक निकायको सक्षमता अभिवृद्धि हुनुको साथै सेवाप्रति नागरिक सन्तुष्टि हासिल गर्न मद्दत पुग्नेछ।

### ३.२.४ डाटा संरक्षण कानून

डाटा संरक्षण कानूनले व्यक्ति, व्यवसाय र सरकारी निकायले डाटाको प्रयोग, भण्डारण र सुरक्षण सम्बन्धी कार्यको कानूनी आधार प्रदान गर्नेछ । यस्तो कानूनले डाटा सम्बन्धी विषय सुनश्चित गरिनेछ । जसमा निष्पक्ष, कानूनी र पारदर्शी रुपमा प्रयोग भएको हुनुपर्ने, निर्दिष्ट र निश्चित उद्देश्यको लागि प्रयोग भएको हुनुपर्ने, पूर्वनिर्धारित प्रयोजनका लागि आवश्यक डाटामात्र प्रयोग भएको हुनुपर्ने, प्रयोजन अनुसारका विवरण मात्र समेटिएको डाटासेट निर्धारण गर्नुपर्ने, सही र अध्यावधिक हुनुपर्ने,आवश्यक समयसम्म मात्र भण्डारण



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

हुनुपर्ने,गैरकानूनी वा अनधिकृत प्रशोधन, पहुँच र क्षतिविरुद्ध सुरक्षाको सुनिश्चितता गरिएको हुनुपर्ने, डाटा धनी, संरक्षक र प्रशोधकको अधिकार तथा जिम्मेवारी स्पष्ट तोकिएको हुनुपर्ने जस्ता विषयहरू समेटिनेछन्।

### ३.२.५ सार्वजनिक सेवाप्रवाहलाई डिजिटलीकरणका लागि विद्यमान कानूनको समीक्षा एवम् परिमार्जनः

विद्यमान सार्वजनिक सेवा प्रवाहका प्रक्रियालाई डिजिटल स्वरुपमा रुपान्तरण गरी व्यक्तिको भौतिक उपस्थिति एवम् कागजातको प्रयोगलाई न्यूनीकरण गर्न आवश्यकतानुसार विद्यमान कानून परिमार्जन गरिनेछ। सार्वजनिक सेवा प्रवाहमा नागरिकको पहुँच अभिवृद्धि गर्न राष्ट्रिय परिचयपत्रलाई आधारभूत पहिचानको रुपमा प्रयोग गर्दै अन्तरनिकाय डाटा आदानप्रदान सुनिश्चित गरी सेवाप्रवाहलाई सरलीकृत गर्ने व्यवस्था मिलाइनेछ। यसले सार्वजनिक निकाय तथा दुर्गम क्षेत्रका वासिन्दा लगायतका नागरिकलाई सहजता प्रदान गर्नेछ ।

## ३.३ स्तम्भ ३: डिजिटल प्रवर्द्धक र डिजिटल सेवाको विकास र सवलीकरण

डिजिटल पहिचान, डिजिटल पूर्वाधार, डाटा आदानप्रदान संयन्त्र तथा प्रविधि र साझा व्यवसायिक प्रकृया (Shared business processes) को प्रभावकारी सञ्चालन गर्न र सुरक्षित राख्न विभिन्न डिजिटल पूर्वाधार तथा सहायक प्रविधिको आवश्यकता पर्दछ। यस सम्बन्धी कार्यका लागि देहायका क्रियाकलाप सञ्चालन गरिनेछ ।

### ३.३.१ मितव्ययी र पहुँचयोग्य इन्टरनेट विस्तार

डिजिटल रुपान्तरणको प्रक्रियालाई निर्वाध बनाउन सेवाप्रदायक निकाय तथा सेवाग्राही नागरिकको पहुँच पुग्ने ब्रोडव्याण्ड सेवाको दायरा, गुणस्तर र मितव्ययीपन विस्तार गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत इन्टरनेट प्रदायकहरूले एउटै नेटवर्क पूर्वाधारको साझा प्रयोग गरी मूल्य र गुणस्तरमा प्रतिस्पर्धा गर्ने, सबमेरिन केबल (Submarine Cable) सँग सिधा पहुँच स्थापना जस्ता उपाय अवलम्बन गरिनेछ। सार्वजनिक सेवा डिजिटल माध्यमबाट प्राप्त गर्न आवश्यक पर्ने इन्टरनेट चल्ने उपकरणहरूमा विभिन्न भौगोलिक क्षेत्र एवम् वर्गका नागरिकको पहुँच बढाउन आवश्यक सहजीकरण गरिनेछ।

### ३.३.२ एकीकृत डिजिटल पहिचानको व्यवस्था

विशिष्ट संकेत नम्बरसहितको राष्ट्रिय परिचयपत्रलाई एकल एकिकृत डिजिटल पहिचान पत्रको रुपमा विकास गरिनेछ। हाल भइरहेको राष्ट्रिय परिचयपत्रसम्बन्धी व्यवस्थामा आवश्यकतानुसार परिमार्जन गर्दै यसमा देहायबमोजिमका विषय समेत समावेश गरिनेछ।

क) राष्ट्रिय परिचयपत्रमा राष्ट्रियतासम्बन्धी प्रावधानको पुनरावलोकनः कुटनीतिक नियोगका पदाधिकारी, श्रमिक सहित दीर्घकालीन वासिन्दाको रुपमा रहेका विदेशी नागरिकहरूलाई समेत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ बमोजिम डिजिटल परिचयपत्र प्रदान गरी राष्ट्रिय परिचयपत्र प्रणालीमा सूचीकृत गरिनेछ।



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

ख) विदेशी बासिन्दालाई दिइएको राष्ट्रिय पहिचानपत्रले नागरिकको रूपमा समान अधिकार र दायित्वहरू भने प्रदान नहुने व्यवस्था गरिनेछ।

ग) एकीकृत पहिचानका लागि कानुनी प्रावधानमा एकरूपता हुने गरी संशोधन तथा निर्माण गरिनेछ।

### ३.३.३ डाटा आदानप्रदान प्लेटफर्मको स्थापना

गोपनीयता र डाटा संरक्षण कानूनको दायराभित्र रहेर सुरक्षित डाटा आदानप्रदानलाई सवलीकरण गर्न डाटा एक्सचेन्ज प्लेटफर्मको स्थापना गरिनेछ। यसले एकपटक मात्र सिद्धान्त (OOP) लागि प्राविधिक आधार प्रदान गर्नेछ र डाटा आदानप्रदानमा पारदर्शिता कायम गरेर गोपनीयताको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। राष्ट्रिय परिचयपत्र र एकपटकमात्र सिद्धान्तसहितको डाटा एक्सचेन्ज प्लेटफर्मले सार्वजनिक सेवा प्रवाह उच्चतम स्तरमा प्रदान गर्नेछ। यसले प्लेटफर्ममा आबद्ध अन्य निकाय र केन्द्रीय पूर्वाधार प्रदायकहरूको जिम्मेवारीको स्पष्ट सीमा रेखा निर्धारण गर्दै स्वच्छ शासनको आधार प्रदान गर्नेछ। डाटा एक्सचेन्ज प्लेटफर्ममार्फत आदानप्रदान हुने डाटामा प्लेटफर्म सञ्चालकको केन्द्रिकृत पहुँच निषेधित गरिनेछ।

यस सन्दर्भमा यो प्रस्तावित प्लेटफर्मले निम्न कार्य गर्नेछ :

क) **गैर-अस्वीकृति (non-repudiation) सुनिश्चितताः** डाटा एवम् सूचनाको आदानप्रदानमा संलग्न कुनै पनि पक्षले यसको अस्तित्व, समय र सामग्रीको प्रेषण तथा प्राप्तिलाई प्रमाणिक रुपले अस्वीकार गर्न नसक्ने सुनिश्चितता गरिनेछ।

ख) **परिचालनको क्रममा डाटाको अखण्डता र गोपनीयताः** निकायबीच डाटा आदानप्रदान प्रक्रियामा कुनै पनि तेस्रो पक्षले डाटामा पहुँच वा परिवर्तन गर्न नसक्ने स्थितिको सुनिश्चितता गरिनेछ।

ग) **पहुँच व्यवस्थापनः** डाटा व्यवस्थापन सूचना प्रणालीमा आवश्यकता बमोजिमका अन्य निकायको पहुँच सुनिश्चित गर्दै कुन् निकायले कुन् डाटा कुन् प्रयोजनको लागि प्रयोग गर्ने भन्ने सम्बन्धमा प्रत्यक्ष नियन्त्रण कायम गरिनेछ।

घ) **विश्वासको प्रत्याभूतिः** प्रणालीमा आबद्ध निकायबीच दावी गरे अनुरुपको परिचयलाई एकआपसमा विश्वास गर्न सकिने वातावरण सिर्जना गरिनेछ।

ङ) **लचक (Flexible) र स्केलेबल (scalability):** नयाँ निकाय तथा सेवाहरू सहजै थाप्दै जान सकिने गरी लचकता (flexibility) एवम् स्केलेबिलिटि(scalability) प्रदान गर्नेछ।

### ३.३.४ डिजिटल हस्ताक्षर प्रयोगको विस्तार गर्ने

डिजिटल हस्ताक्षर प्रयोगको विस्तारका लागि निम्नानुसारका कार्यहरू गरिनेछः

क) राष्ट्रिय परिचयपत्रसँग आवद्धताः डिजिटल हस्ताक्षर नेपालका सबै नागरिक र बासिन्दाहरूलाई उनीहरूको राष्ट्रिय परिचयपत्रको अंशको रूपमा उपलब्ध गराइनेछ।

ख) सर्वसुलभ बनाउनेः राष्ट्रिय परिचयपत्रको अंशको रूपमा प्रदान गरिएको डिजिटल हस्ताक्षर निःशुल्क उपलब्ध गराइनेछ।



प्रमुख कार्यकारी अधिकृत

ग) डिजिटल हस्ताक्षर प्रयोगको दायरा बढाउन सरकारी कर्मचारीलाई डिजिटल हस्ताक्षर अनिवार्य गरिनेछ।

घ) प्रमाणीकरण नियन्त्रकको कार्यालयले दूरसञ्चार सेवा प्रदायक र बैंकहरू लगायतका निजी क्षेत्रका संस्थाहरूसँग विद्युतीय पहिचान र डिजिटल हस्ताक्षरलाई उनीहरूको पोर्टलहरूमा प्रमाणीकरण विधिमा समावेश गर्न प्रोत्साहन गरिनेछ।

ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग लगायत अन्य निकायले समेत डिजिटल हस्ताक्षर उत्पादन तथा वितरण गर्न मिल्ने गरी कानूनी प्रावधान मिलाइनेछ।

च) माथि उल्लेखित व्यवस्था कार्यान्वयन गर्न आवश्यक कानुनी परिमार्जन गरिनेछ।

**३.३.५ समग्र डिजिटल एप्लिकेशनको समीक्षा**

विद्यमान सेवा प्रवाहका प्रणालीको स्थिरता र सामयिक सुधारका लागि समवेदनशिल पक्ष जस्तै सुरक्षा जोखिम, व्यवसायको निरन्तरता, परिवर्तनको समायोजन र प्रयोगकर्ताको अनुभव जस्ता पक्षलाई सम्वोधन गर्नको लागि विद्यमान प्रणालीको विस्तृत समीक्षा गरिनेछ। यस अन्तरगत निम्न विषय रहनेछन्।

क) प्रणालीका विभिन्न पक्षलाई समेटेर सरोकारवालाको नियमित सर्वेक्षण गर्ने।

ख) साइवर सुरक्षा जोखिमको दृष्टिकोणबाट डिजिटल प्रणालीको समीक्षा गर्ने।

ग) समीक्षा र पृष्ठपोषणका आधारमा मापदण्डको निर्धारणको साथै प्रणालीको पुनरावलोकन गर्ने । यस अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ।

**३.३.५.१ सूचना प्रविधि प्रणाली सूचीको निर्माणः**

यो सूचीले सेवा प्रदायक निकायका सबै सूचना प्रविधि प्रणालीको पुनरावलोकन गरी सूचना प्रविधि प्रणालीको स्वामित्व, प्रणाली अनलाइनमा आएको समयावधि, वर्तमान सञ्चालन खर्च, अनुमानित लागत र पुनः मूल्याङ्कनको तालिका निर्धारण गरिनेछ।

**३.३.५.२ डिजिटल प्रणालीको जीवनचक्र निर्धारणः**

डिजिटल प्रणालीमा प्रयोगमा आउने उपकरण तथा सामग्रीको गुणस्तरमा क्रमिक रुपमा क्षयीकरण हुने तथा प्रविधिको तीव्र विकासले पुरानो प्रविधि नयाँ प्रणालीमा सामञ्जस्यपूर्ण नहुने हुँदा डिजिटल प्रणालीको प्रभावकारिताको निश्चित समय सीमा हुने भएकाले नेपालमा पनि यस्ता प्रणालीको जीवनचक्रको चरणबद्ध व्यवस्थापन गरिनेछ। डिजिटल जीवनचक्र व्यवस्थापनमा प्राविधिक परीक्षण, सामाजिक आर्थिक अवस्था, सेवा र वस्तुको उपलब्धता तथा प्रणालीको संवेदनशिलता र जोखिम जस्ता विषयलाई आधार लिइनेछ।

**३.३.६ सफ्टवेयर निर्माणका विकास ब्लक रिपोजिटरी निर्माण** (building blocks repository)

विभिन्न सूचना प्रविधि प्रणालीमा प्रयोग हुने सफ्टवेयर विकास ब्लक (building blocks) हरू निर्माण गर्नुका साथै राज्यका विभिन्न निकायसँग आदान-प्रदान गर्न रिपोजिटरी निर्माण गरिनेछ।



प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

## ३.४ स्तम्भ ४: डिजिटल साक्षरता र सीप विकास

यस ब्लुप्रिन्टले परिकल्पना गरेबमोजिम समुन्नत डिजिटल समाज निर्माणका लागि सेवा प्रदायक तथा सेवाग्राही सबैको डिजिटल साक्षरता, सीप र क्षमता विकास गरिनेछ । यसका लागि प्राथमिक देखि विश्वविद्यालयसम्मका शिक्षाका सबै तहमा डिजिटल र डाटा विश्लेषण सम्बन्धी विषय समायोजन गरिनेछ । यसले सेवा प्रदायक र सेवाग्राहीमा डिजिटल वातावरणमा आपसी अन्तरक्रिया गर्न आवश्यक पर्ने सीप विकास गर्नेछ।

### ३.४.१ डिजिटल साक्षरता प्रवर्द्धन तथा शैक्षिक कार्यक्रम सञ्चालनः

डिजिटल साक्षरताको व्यापक विस्तार र क्षमता विकास डिजिटल रुपान्तरणको पूर्वशर्त हो।यस सन्दर्भमा विद्यालयदेखि विश्वविद्यालय तहसम्मको शिक्षालाई डिजिटल प्रविधिसँग मूलप्रवाहीकरण गरिनेछ। यसका साथै डिजिटल नेतृत्व विकासको नयाँ आयामलाई समेत शासन प्रक्रियामा समाहित गरी प्रविधिमा सबैको पहूँच सुनिश्चित गर्न र शासनको प्रतिफलको समन्यायिक वितरण गर्न समेत हरेक नागरिकलाई डिजिटल प्रविधिमा साक्षर बनाउने दिशामा यो ब्लुप्रिन्ट परिलक्षित हुनेछ। यसका लागि देहायबमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ।

क) उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूमा स्नातक र स्नातकोत्तर तहमा सूचना, सञ्चार तथा प्रविधिका उदयमान तथा विशिष्टीकृत विषय अध्यापन गराइनेछ । पाठ्यक्रम विकास गर्दा सूचना प्रविधि प्रोग्रामर, साइबर सुरक्षा विशेषज्ञ, सूचना प्रविधि अधिवक्ता, व्यवसाय प्रक्रिया पुनःसंरचना, स्वास्थ्य विशेषज्ञ लगायत डिजिटल समाजका अन्य जनशक्तिको विकास, ई-गभर्नेन्स सम्बन्धी नीति र नवप्रर्वतन, कानून र सूचना प्रविधिको सम्बन्ध, प्रयोगकर्ताको अनुभव र सेवा डिजाइन जस्ता विषयलाई समावेश गरिनेछ।

ख) औपचारिक शिक्षामा पहुँच नहुनेका लागि साझा भर्चुअल प्रयोगशालाहरू सहित खुला शिक्षा स्रोतहरूको प्रवर्द्धन गरिनेछ।

ग) अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गर्दै विद्यालयको पाठ्यक्रममा समेत ई-गभर्नेन्स सम्बन्धि विषयवस्तु समावेश गरिनेछ ।

घ) शहरी–ग्रामीण, लैङ्गिक, आर्थिक र सामाजिक रुपमा पिछडिएको वर्ग समुदायलाई ध्यानमा राखेर डिजिटल शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) शिक्षकहरूको लागि सूचना प्रविधिमैत्री तालिम प्रदान गर्ने तथा डिजिटल कार्यक्रम संचालन गरिनेछ।

### ३.४.२ नागरिक सेवा केन्द्र

नागरिक सचेतना र डिजिटल साक्षरता प्रवर्द्धन गर्न, डिजिटल सेवाहरूको प्रयोगलाई सुदृढ गर्न, सामाजिक जमघट, सूचना आदानप्रदान, सीप निर्माण, सेवाको लागत घटाउँदै सेवाहरूमा पहुँच अभिवृद्धि गर्न नागरिक सेवा केन्द्र स्थापना गरिनेछ। नागरिक सेवा केन्द्रका लागि आवश्यक पूर्वाधार, सञ्चालन विधि र



प्रमुख कार्यकारी अधिकृत

मापदण्ड निर्धारण गरी प्रादेशिक र स्थानीय तहसँगको साझेदारीमा नागरिक सेवा केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

### ३.४.३ सरकारी कर्मचारी, विद्यालयका शिक्षक तथा विश्वविद्यालयका प्राध्यापकहरूका लागि क्षमता विकासको दीगो कार्यक्रम सञ्चालन गर्ने

सरकारी कर्मचारी, शिक्षक तथा प्राध्यापकलाई विद्युतीय सरकार, डिजिटल रणनीति विकास, बिग डाटा विश्लेषण, कृतिम बौद्धिकता, सूचना प्रविधि परियोजना व्यवस्थापन लगायतका विषयमा क्षमता विकासका लागि संस्थागत र कानुनी व्यवस्था गर्दै देहायका कार्यक्रम सञ्चालन गरिनेछ।

क) प्रशिक्षण र तालिम

ख) अनुसन्धान तथा नीति विश्लेषण

ग) ज्ञान प्रसार गर्ने कार्यक्रम

घ) सञ्जाल निर्माण र सहकार्य प्रवर्द्धन

ङ) डिजिटल सीप र साइबर स्वच्छता ***(Cyber Hygiene)*** को विषय लोक सेवा आयोगसँग समन्वय गरी प्रवेश परीक्षामा समावेश

च) राष्ट्रिय साइबर तालिम केन्द्रको स्थापना

## ३.५ स्तम्भ ५: डिजिटल मापदण्ड र निर्देशिका तर्जुमा तथा कार्यान्वयन

डिजिटल मापदण्ड र निर्देशिका तर्जुमा तथा कार्यान्वयनमार्फत स्तरीय र साझा प्राविधिक पूर्वाधार, व्यवसायिक ढाँचा, सेवाका मापदण्ड र परियोजना व्यवस्थापन ढाँचा, मानब संशाधन ब्यबस्थापन, गतिशिलता र रणनीतिक उत्थानशीलतालाई मजबुत बनाउन देहायका क्रियाकलाप सञ्चालन गरिनेछ।

### ३.५.१ डाटा सूची र सेवाको नक्साङ्कन

हरेक निकायले आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतको डाटा सूची तयार गरी उपलब्ध सेवाको नक्साङ्कन समेत गर्नेछन्। यसले विभिन्न निकायसँग रहेको डाटा र डाटाको प्रयोग सम्बन्धी स्पष्टता प्रदान गरी एकपटकमात्र सिद्धान्त अवलम्बन गर्दै व्यवसाय प्रक्रिया पुनःसंरचना (Business Process Re-engineering) र नयाँ डिजिटल सेवा विकास गर्न सहयोग पुर्याउनेछ। साथै राज्यका निकायहरूले गर्ने डाटा संकलन, प्रशोधन, भण्डारण सम्बन्धी जिम्मेवारी निर्धारण गर्न समेत यसले सहयोग पुर्याउनेछ।

यसका लागि देहायका मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।

क) डाटा सूचीकरण सम्बन्धी मापदण्ड तयार गर्ने,

ख) प्रदान गरिने सेवाको नक्साङ्कनको मापदण्ड र निर्देशिका तयार गर्ने,

ग) तयार भएका मापदण्ड र निर्देशिका अनुसार डाटा सूचीकरण र उपलब्ध सेवाको नक्साङ्कन गर्ने,

घ) विभिन्न निकायले प्रयोग गर्ने डिजिटल प्रणाली सञ्चालन गर्न Standard Operating Procedure तयार गर्ने।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

### ३.५.२ घटना दर्ता प्रणालीमा स्वचालित अध्यावधिक हुने प्रणालीको विकास

व्यक्तिगत घटनाका साथै अवस्था, उपलब्धि र कारोबार लगायतका व्यक्तिसँग सम्बन्धित सम्पूर्ण विवरणहरू घटना दर्ता प्रणालीमा समेटिने छन्। डिजिटल प्रणालीमा यस्ता घटनाको स्वचालित अद्यावधिक हुने प्रणालीको विकास गर्न देहायका क्रियाकलाप सञ्चालन गरिनेछ।

क) घटना दर्ता प्रणालीमा दर्ता हुने घटना (Event) को अवस्था (State) स्वचालित रुपमा अद्यावधिक हुने प्रणाली विकास गर्ने।

ख) बुँदा नं क मा उल्लेख भएका बाहेक व्यक्तिका ठेगाना, शैक्षिक योग्यता लगायतका अन्य डाटा तथा जानकारी स्वचालित रुपमा अद्यावधिक हुने प्रणाली विकास गर्ने।

ग) डाटा एक्सचेञ्ज प्लाटफर्म मार्फत घटना दर्ता प्रणाली स्वचालित गराउने।

### ३.५.३ नयाँ सेवा प्रवाह प्रणालीको परीक्षण

डिजिटल सेवा प्रवाहका लागि विभिन्न निकायको विद्यमान सेवा प्रवाह प्रक्रियालाई पुनर्संरचना गरिनेछ। नयाँ प्रक्रिया अनुरुप सेवा प्रवाह प्रणालीको परीक्षण गर्न देहायका क्रियाकलाप सञ्चालन गरिनेछ।

क) सरोकारवालाबीच डाटा आदानप्रदान गर्न आवश्यक पर्ने सामाजिक र आर्थिक मूल्य पहिचान, विश्लेषण र अनुमान गरिनेछ। यो प्रक्रिया सरोकारवालाको अन्तरक्रिया श्रृंखला, सन्दर्भ सामाग्रीमार्फत अनुसन्धान, अन्तर्वार्ता, साझा कार्यशाला, प्रक्रियाको नक्साङ्कन, अनुकूलन प्रकृया, डाटाको नक्साङ्कन, व्यवसाय प्रक्रियाको विश्लेषण (Business Process Analysis) मार्फत हुन सक्दछ । यसको लागि आवश्यक मापदण्ड र निर्देशिका तयार गरी लागु गरिनेछ।

ख) डिजिटल सार्वजनिक पूर्वाधारको (Digital Public Infrastructure) विकास गरिनेछ। सार्वजनिक सेवालाई डिजिटलिकरण गर्ने क्रममा सबै निकाय आवद्ध हुन सक्ने साझा सार्वजनिक पूर्वाधारको निर्माण गरिनेछ। यसको लागि आवश्यक मापदण्ड र निर्देशिका तयार गरी लागु गरिनेछ।

### ३. ५.४ विभिन्न क्षेत्र (Verticals) मा डिजिटल रुपान्तरण रणनीति तथा कार्यक्रमको तर्जुमा र विकासः

विषयगत क्षेत्रका आवश्यकता अनुरूप डिजिटल रूपान्तरण रणनीति र कार्यान्वयन योजना बनाउन ई-गभर्नेन्स बोर्डले निम्न कुरामा सहयोग गर्नेछ।

क) विद्यमान अवस्थाको विश्लेषण

ख) आवश्यकता पहिचान

ग) व्यवसायिक प्रकृयाको पुर्नसंरचना (Business Process Re-engineering)

घ) व्यवसायिक प्रकृया निरन्तरताको योजना (Business Continuity Planning)

ङ) यू. एक्स./यू. आइ. तालमेल

च) बजेट अनुमान

### ३.५.५ ई-गभर्नेन्स च्याम्पियन कार्यक्रम

ई-गभर्नेन्स कार्यान्वयनमा बढी भन्दा बढी कर्मचारीको दक्षता अभिवृद्धि सुनिश्चित गर्न संघीय, प्रादेशिक र स्थानीयतहमा कर्मचारीको छनौट गरी नेतृत्व विकास गर्ने र सञ्जाल निर्माण गर्ने तथा त्यस्ता कर्मचारीको क्षमता विकास गरी परिचालन गरिनेछ ।



प्रमुख कार्यकारी अधिकृत

यस अन्तर्गत नयाँ अन्तरक्षेत्रीय सहयोगको लागि सहभागीहरूलाई सफल एवं असफल प्रयासहरूबाट अनुभव आदानप्रदान गर्ने वातावरण सिर्जना गर्न दुवै औपचारिक तथा अनौपचारिक अन्तरक्रिया सञ्जालको निर्माण गरिनेछ। उपयुक्त अन्तर्राष्ट्रिय साझेदारसमेतको समन्वयमा ई-गभर्नेन्स च्याम्पियन कार्यक्रमका सहभागीहरूलाई प्रोत्साहन स्वरुप कार्यशाला गोष्ठी तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन भ्रमणको आयोजना गरिनेछ। यसको लागि आवश्यक मापदण्ड र निर्देशिका तयार गरी लागु गरिनेछ।

## ३.६ स्तम्भ ६: क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोगको सवलीकरण

ज्ञान, सीप र अनुभवको आदनप्रदानका लागि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सहयोगको सबलीकरण गर्न देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### ३.६.१ गैरआवासीय नेपालीहरूसँग घनीभूत सम्बन्ध विकास गर्ने :

आपसी सम्बन्ध सुदृढ बनाई गैर आवसीय नेपालीसँग भएको ईगभर्नेन्स सम्बन्धी ज्ञान, सीप, पूँजी र प्रविधि उपयोग गरिनेछ।

क) प्रवासी नेपालीलाई नेपालसँग जोड्न ज्ञान र संस्कृति आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

ख) गैर आवासीय नेपालीलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ बमोजिम राष्ट्रिय परिचयपत्र योजनामा आबद्ध गरिनेछ।

### ३.६.२ डिजिटल क्षेत्रमा अन्तर्राष्ट्रिय पारस्परिक सहकार्यलाई बढावा दिने:

डिजिटल सेवाको योजनावद्ध विकासका लागि सांस्कृतिक र सामाजिक रुपले नजिकका छिमेकी लगायत मित्र राष्ट्रसँग देहायका विषयमा सीमापार पारस्परिक सहकार्य गरिनेछ।

क) एक अर्काको इलेक्ट्रोनिक पहिचानलाई पारस्परिक मान्यता दिने,

ख) विद्युतीय हस्ताक्षरलाई पारस्परिक मान्यता दिने,

ग) पारस्परिक भुक्तानी प्रणालीको मान्यता तथा अन्तरआबद्धता कायम गर्ने,

घ) सीमापार डाटा आदानप्रदानलाई प्रवर्द्धन गर्ने।

### ३.६.३ विकास साझेदारसँगको सहयोगका क्षेत्र पहिचान गर्ने

क) विकास साझेदारहरूको आर्थिक तथा प्राविधिक सहयोगलाई नेपाल सरकारको डिजिटल रूपान्तरणका प्राथमिकताका क्षेत्रसँग सामञ्जस्यता स्थापित गरिनेछ।

ख) नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास साझेदारको सहकार्यमा कार्यान्वयन हुने परियोजनाको लागत घटाउन तथा सहायता प्रवाहको अनुमानयोग्यता, जवाफदेहिता र स्थानीय क्षमता निर्माणका लागि अन्तर्राष्ट्रिय सहायता प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धिको कार्यढाँचा तयार गरिनेछ।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

## ३.७ स्तम्भ ७: अनुसन्धान, नवप्रवर्तन र विकास

शासकीय मामिलाको डिजिटल रुपान्तरण गरी सबै शासकीय आयाम डिजिटल प्रविधिको माध्यमबाट सञ्चालन गर्न यस सम्बन्धी अनुसन्धान र विकासका कार्यक्रम समेत सञ्चालन गरिनेछ। यसका लागि प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रसँग समेत सहकार्यको वातावरण तयार गरिनेछ।

**३.७.१ सरकारी, निजी र प्राज्ञिक क्षेत्रबीच त्रिभुजीय सहसम्बन्ध स्थापित गरी ई-गभर्नेन्ससँग सम्बन्धित नवप्रवर्तनात्मक र अनुसन्धात्मक सहकार्य गर्ने ।**

यसका लागि देहायका कार्यक्रम सञ्चालन गरिनेछ।

क) ई-गभर्नेन्सका लागि आवश्यक ज्ञान, सीप, प्रविधि र दक्षताको विकास र विस्तारमा निजी र प्राज्ञिक क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने ।

ख) डिजिटल प्रविधिका क्षेत्रमा विद्यालय, विश्वविद्यालय, अनुसन्धान केन्द्र र निजी क्षेत्रबाट अनुसन्धान, नवप्रवर्तन, विकास र विस्तारलाई प्रवर्द्धन गर्ने ।

ग) निजी तथा प्राज्ञिक क्षेत्रमा उपयोगमा रहेका ई-गभर्नेन्स सम्बन्धी नवीन प्रविधिको सार्वजनिक सेवा व्यवस्थापनमा समेत आन्तरिकीकरण गर्ने ।

घ) निजी तथा प्राज्ञिक क्षेत्रलाई सार्वजनिक सेवाको डिजिटल रुपान्तरणमा योगदान गर्न उत्प्रेरित हुने वातावरणको सिर्जना गर्ने ।

ङ) शासनलाई नवप्रवर्तनमा आधारित बनाई नागरिकको सहज, सरल र सुलभ पहुँच स्थापित गर्न निजी तथा प्राज्ञिक क्षेत्रसँगको सहकार्यमा ई-गभर्नेन्सका कार्यान्वयनका आधारको अनुसन्धान, विकास एवम् विस्तार गर्दै शासकीय प्रभावकारिता हासिल गर्ने ।

**३.७.२ राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रियस्तरमा G2G, G2B, B2B जस्ता सञ्जाल स्थापना गरी ई-गभर्नेन्ससँग सम्बन्धी ज्ञान निर्माण र हस्तान्तरणमा सहकार्य गर्ने।**

यस अन्तर्गत देहायका कार्यक्रम सञ्चालन गरिनेछ।

क) ई-गभर्नेन्स सम्बन्धी नवीन प्रविधिको अनुसन्धान, विकास र उपयोगमा अन्य देश, स्वदेशी तथा विदेशी निजी तथा प्राज्ञिक क्षेत्रसँग सहकार्य गर्ने ।

ख) विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्र, प्रयोगशाला तथा संस्था र नेपाली विश्वविद्यालय, अनुसन्धान केन्द्र, प्रयोगशाला तथा संस्था एवम् सरकारी निकायकाबीच अनुसन्धान र नवप्रवर्तनका क्षेत्रमा क्षमता विकासका सहकार्यात्मक कार्यक्रम सञ्चालन गर्ने ।

ग) नेपाली विद्यार्थी र निजी तथा सरकारी क्षेत्रका प्रतिनिधिलाई स्वदेशी तथा विदेशस्थित विश्वविद्यालय, संस्था तथा अनुसन्धान केन्द्रमा ई-गभर्नेन्स सम्बन्धी इन्टर्नशीपमा पठाउने व्यवस्था गर्ने ।

घ) सरकार-डायसपोरा सम्बन्धलाई प्रविधि र नवप्रवर्तनमा सहकार्यमार्फत थप सुदृढ बनाउने ।



प्रमुख कार्यकारी अधिकृत

ङ) ई-गभर्नेन्समा गैर आवासीय नेपाली-सरकार सहकार्य परियोजना निर्माण गरी आन्तरिक क्षमता विकासमा गैर आवासीय नेपालीको प्राविधिक दक्षता, क्षमता, पहुँच र पहिचानको उपयोग गर्ने।

**३.७.३ स्टार्टअपलाई सरकारी संयन्त्र, प्रक्रिया र विधिमा मूलप्रवाहीकरण गरी पारस्परिक सम्बन्ध स्थापनालाई संस्थागत गर्ने**

क) सूचना प्रविधि क्षेत्रमा स्टार्टअप व्यवसाय गर्नेलाई ई-गभर्नेन्सको संस्थागत विकासमा समेत परिचालन गर्ने ।

ख) सरकार-स्टार्टअप सहकार्यका माध्यमबाट स्टार्टअपको व्यवसायिक दक्षता अभिवृद्धि गर्दै त्यसको लाभलाई सार्वजनिक सेवाको रुपान्तरणमा उपयोग गर्ने ।

ग) सरकारी संयन्त्र र स्टार्टअप तथा स्वदेशी एवम् विदेशी स्टार्टअपबीचमा कार्यात्मक सहसम्बन्ध स्थापना गरी अनुभव, आवश्यकता, सूचना र क्षमताको साझेदारी गर्ने ।

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

# कार्ययोजना

| स्तम्भ | कृयाकलाप | वर्ष १ त्रैमासिक १ | २ | ३ | ४ | वर्ष २ त्रैमासिक १ | २ | ३ | ४ | वर्ष ३ त्रैमासिक १ | २ | ३ | ४ | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१ ई-गभर्नेन्स ऐनको मस्यौदा तयार गर्ने | | | | | | | | | | | | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | ई-गभर्नेन्स बोर्ड |
| | १.२ तहगत रुपमा रहेका विषयगत निकायसंग संलग्नताको ढाँचा विकास गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सम्बन्धित मन्त्रालय |
| | १.३ व्यक्तिगत डाटा संरक्षण | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सम्बन्धित मन्त्रालय |



प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| | नीति तर्जुमा गर्ने | | | | | | | | | | | | | | |
| | १.४ डाटा संरक्षण ऐनको मस्यौदा तयार गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय |
| | १.५ ई-गभर्नेन्स ब्लूप्रिन्टको लागि अनुगमन तथा मूल्यांकन ढाँचा विकास गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ई-गभर्नेन्स बोर्ड सिंहदरबार, काठमाडौं



प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| २ | २.१ डाटा आदानप्रदान र प्रणालीको आर्किटेक्चरमा सन्दर्भ (reference model) मोडलको विकास गर्ने | | | | ■ | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | २.२ प्राविधिक आर्किटेक्चर सहित प्रयोगका नमूनाको विकास गर्ने | | | | | ■ | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | २.३ राष्ट्रिय डाटा रणनीतिको विकास गर्ने | | | | ■ | ■ | | | | | | | | ई-गभर्नेन्स बोर्ड | राष्ट्रिय तथ्याङ्क कार्यालय |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| ३ | ३.१ कानूनी र नियामक प्रावधानहरूको पूर्ण मूल्याङ्कनमा आधारित डाटा आदानप्रदान कार्यविधि, ढाँचा र निर्देशिकाको विकास गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं

प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| | ३.२ डाटा आदानप्रदान (Exchange) प्लेटफर्म स्थापना गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | ३.३ डाटा एक्सचेन्जका नमूना परियोजनाको कार्यान्वयन गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सम्बन्धित मन्त्रालय |
| | ३.४ विद्यमान सक्षमकर्ता र सेवाहरूको पोर्टफोलियोको पूर्ण समीक्षा गर्ने *(कमजोरीका बिन्दुहरू चुनौतीहरू,* | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सम्बन्धित मन्त्रालय तथा निकाय |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं



प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| | *BCP, सुरक्षा चुनौतिहरू, सेवाहरूको प्रयोगकर्ताको अनुभव (UX) सवालहरू र प्रयोगमा रहेका प्रणालीहरूको पहिचान)* | | | | | | | | | | | | | | |
| | ३.५ डिजिटल हस्ताक्षरलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्ने | निरन्तर | | | | | | | | | | | | प्रमाणीकरण नियन्त्रकको कार्यालय | गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ई-गभर्नेन्स बोर्ड सिंहदरबार, काठमाडौं

प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| 3. | ३.६ डिजिटल हस्ताक्षर शासन र उपयोगको वर्तमान अवस्थाको विस्तृत मूल्याङ्कन गर्ने | | | | | | | | | | | | | प्रमाणीकरण नियन्त्रकको कार्यालय | गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ४ | ४.१ डिजिटल साक्षरताको प्रवर्द्धनको लागि राष्ट्रिय रणनीतिको विकास गर्ने | | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं



प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| | ४.२ नागरिक सेवा केन्द्रहरूको स्थापना, परिचालन, व्यवस्थापन र दिगोपन रणनीतिको विकास गर्ने | | | निरन्तर | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| | ४.३ नागरिक सेवा केन्द्रको स्थापना गर्ने | | | | निरन्तर | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, |
| ५ | ५.१ डाटा सूची र सेवाको नक्सांकन गर्ने | विद्यमान डाटावेशको नक्सांकन/सेवाको सूचि तयार गर्ने | | | नयाँ स्थापना भएका डाटावेशको नक्सांकन र विद्यमान डाटावेस र सेवाको नियमित नक्सांकन | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सम्बन्धित मन्त्रालय तथा निकाय |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ त्रैमासिक १ | २ | ३ | ४ | वर्ष २ त्रैमासिक १ | २ | ३ | ४ | वर्ष ३ त्रैमासिक १ | २ | ३ | ४ | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५.२ एकपटक मात्र सिद्धान्त, उन्नत प्रविधिहरू र डाटा आदानप्रदान प्लेटफर्ममा आधारित अर्को पुस्ता सेवाहरू पहिचान गर्ने | निरन्तर, यथासिघ्र शुरू गर्ने | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सम्बन्धित सबै मन्त्रालय तथा निकाय |
| | ५.३ सबै क्षेत्रको डिजिटल रूपमान्तरण रणनीति विकास गर्ने | | | | | | | | | | | | | सम्बन्धित सबै मन्त्रालय तथा निकाय | ई-गभर्नेन्स बोर्ड |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं

प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| | ५.४ डिजिटल च्याम्पियन कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र, सबै मन्त्रालय तथा निकाय |
| ६ | ६.१ ई गभर्नेन्स प्रवर्द्धन सम्बन्धमा गैर-आवाशीय नेपालीसंग सहकार्य गर्ने | निरन्तर | | | | | | | | | | | | परराष्ट्र मन्त्रालय | ई-गभर्नेन्स बोर्ड |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरवार, काठमाडौं



प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| ७ | ७.१ कर्मचारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय , नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान |
| | ७.२ ई-गभर्नेन्स सम्बन्धी विषयमा निजी क्षेत्रका संघसंस्था र कार्यरत कर्मचारीको क्षमता विकास | निरन्तर | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ई-गभर्नेन्स बोर्ड सिंहदरबार, काठमाडौं

प्रमुख कार्यकारी अधिकृत

| स्तम्भ | कृयाकलाप | वर्ष १ | | | | वर्ष २ | | | | वर्ष ३ | | | | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | त्रैमासिक | | | | त्रैमासिक | | | | त्रैमासिक | | | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | | |
| | कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | | | | | | |
| | ७.३ ई-गभर्नेन्सको नवप्रवर्द्धनको लागि स्टार्टअपसँग सहकार्य गर्ने | निरन्तर | | | | | | | | | | | | ई-गभर्नेन्स बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |

प्रमुख कार्यकारी अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
ई-गभर्नेन्स बोर्ड
सिंहदरबार, काठमाडौं